# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## Communist Party of Nepal -UML

जिल्ला कमिटी, डोल्पा -District Committee, Dolpa)

### नेकपा (एमाले) डोल्पाको प्रतिनिधि सभा सदस्य उम्मेदवारको
### डोल्पा विकास प्रतिज्ञा-पत्र/मुखपत्र २०८२
### “समृद्ध डोल्पा: सुखी डोल्पाली”

म, नेकपा (एमाले) को एक जिम्मेवार र प्रतिबद्ध युवा उम्मेदवारका रूपमा, समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय संकल्पलाई स्थानीय तहदेखि संघीय तहसम्म व्यवहारमा उतार्ने अठोटका साथ यो चुनावी घोषणा पत्र प्रस्तुत गर्दछु । आजको समय युवाको ऊर्जा, सीप र नवीन सोचलाई नीति, नेतृत्व र विकाससँग जोड्ने निर्णायक घडी हो। यूवा प्रतिनिधित्व गर्न नसक्दा सधैं उही पुरानो अनुहारमा बाध्यतात्मक सहमति जनाउनु पर्ने अवस्थालाई मुक्त गर्न यस पटक हामीले सुनौलो अवसर प्राप्त गरेका छौ ।

नाकाबन्दी, कोभिड—१९ जस्ता विषम परिस्थितिहरूमा देशको अर्थतन्त्र उकास्ने तथा देशको सार्वभौमसत्तामाथि धावा बोल्ने शक्ति केन्द्रहरूको विरुद्ध स्पष्ट र दृढ आवाज उठाउने काम नेकपा (एमालेले) निरन्तर रूपमा गर्दै आएको छ।

देशको सार्वभौमसत्तामाथि विदेशी हस्तक्षेप गराउने, विभिन्न शक्ति केन्द्रहरूसँग साठगाँठ गरी देशका सरकारी तथा निजी सम्पत्तिमा क्षति पुऱ्याउने, सिंहदरबार र प्रतिनिधि सभा भवनजस्ता राष्ट्रका गौरवका सम्पत्तिहरूमा तोडफोड गर्ने, सुरक्षा व्यवस्था खलबलाउने, सहकारी ठगी गर्ने अपराधीहरूलाई उन्मुक्ति दिने, जेल तोडफोड गरी कैदी भगाउने तथा समग्रमा देशलाई तहसनहस बनाउने तत्वहरूबाट देशलाई जोगाउन र शान्ति—सुरक्षा कायम गर्न नेकपा एमालेजस्तो देशभक्त शक्ति अपरिहार्य छ।

नेकपा (एमाले) को घोषणापत्रका मूल सिद्धान्त – “समृद्ध नेपाल, सुखी नेपाली; सुशासन, सामाजिक न्याय र दिगो विकास” लाई आत्मसात गर्दै डोल्पा जिल्लाको विशिष्ट भूगोल, संस्कृति र सम्भावनालाई केन्द्रमा राखी जिल्लाको समग्रका क्षेत्रहरु कृषि, पशुपालन, जडीबुटी, पर्यटन, शिक्षा खेलकुद, स्वास्थ्य, पूर्वाधार, रोजगारी र सेवाप्रवाहमा गुणात्मक सुधार नै हाम्रो प्रतिबद्धता हो ।

Email– cpnumldolpa52@gmail.com Ph.No. 9851103294, 9858390552

## हाम्रो दृष्टि

### समान पहुँच उत्तरदायीत्व र सहभागिता सुशासित, आत्मनिर्भर र समृद्ध डोल्पा हाम्रो आवश्यकता

**क) प्रमुख प्रतिवद्धताहरु**

- चिनको तिब्बतसँग जोडिएका डोल्पा जिल्लाका दुई सिमा नाका मरिम्ला र क्याटोक नाका आधिकारीक रुपमा सञ्चालनमा ल्याउन सरकारी तहवाट पूर्ण रुपमा पहल गर्ने ।
- माथिल्लो क्षेत्रमा रहेका ३ वटा स्थानीयतहरुमा हरेक पालिकामा भुगोल अनुसार सामुहिक व्यवसयीक पशुपालन (चौरी तथा च्याङग्रा पालन) फर्म सञ्चालन गर्न पहल गर्ने ।
- जिल्लामा रहेका धार्मिक तथा पुरातात्वीक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्न सुरक्षा व्यवस्था स्थायी रुपमा राख्ने निति तथा कानुन निर्माण गर्ने ।
- त्रिदेशीय सड्कको स्तरोन्तो तथा विस्तार गरी धो उपत्यकामा सुख्खा बन्दर्गाह बनाउने र व्यापारिक हबका रुपमा चिनाउने गरी काम गर्ने ।
- डोल्पाको भौगोलिक, सांस्कृतिक, धार्मिक र खेल पर्यटनको प्रवर्द्धन मार्फत आन्तरीक र बाह्य पर्यटकको पहुँच अभिबृद्धि गरी पर्यटन हवको रुपमा विकास गर्ने ।
- जिल्लामा आन्तरीक र बाह्य पर्यटनबाट संकलन राजश्वको कम्तिमा ८० प्रतिशत सम्बन्धीत क्षेत्रको पर्टन क्षेत्रको विकासमा लगानी गर्ने निति बनाउन पहलकदमी गर्ने।
- जिल्लाका विभिन्न क्षेत्रहरुको भुगोल र आवश्यकता अनुसार सामुहिक कृषि तथा जडिबुटी उत्पादन जस्तै स्याउ, ओखर, अंङगुर, जडीबुटी र अन्य दलहन खेतीको हब बनाइ स्वरोजगार श्रृजना गर्ने ।
- हाल सम्म बिद्युतीकरणको पहुचमा सुलभ सेवा नपाएका डोल्पाका नागरिकहश्रका लागी मेगा सौर्य उर्जा निर्माण गरी विधुत पहुँच विस्तार गर्ने ।
- सार्वजानीक जग्गा भाडामा लिएर सामुहिक व्यावसाय गर्ने निति बनाउने ।
- भौतिक पुर्वाधार विकासहरु सड्क, पुल तथा समाजिक विकासमा शिक्षा, स्वास्थ्य र पर्यटनलाई बिषेश प्राथमिकतामा राखि विकासका गतिमा तिव्रता दिने ।

# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## Communist Party of Nepal -UML

जिल्ला कमिटी, डोल्पा -District Committee, Dolpa)

- निकुञ्ज क्षेत्रमा बसोवास गर्दै आएका नागरिकको हक र अधिकारका लागि राष्ट्रिय निकुञ्जसंग र समुदायको सहसम्बन्ध र सहविकासकको लागि पहलकदमि गर्ने ।
- जिल्लाका विभिन्न क्षेत्रमा सम्भाव्यता अध्ययन भएका जलविधुत परियोजनाहरुको लगानी काम थालनी गर्न तथा श्रोत सुनिश्चित गरी जलविधुत विकासमा प्राथिमकताका साथ काम गरिने छ।
- जिल्लाको जिर्न जलबिधुतलाइ बिशेष प्राथमिकतामा राखी राष्ट्रिय प्रशारणलाईन छिटोछरितो र दिर्घकालीन बनाउन पहल गर्ने । हाल जगदुल्ला हाईड्रोपावरका प्रभाबित क्षेत्र र जिल्ला वासीले थप सेवा पाउने गरी पहल कदमी गरिने र यसकको लागि विशेष गरी जलविधुतयोजनाबाट स्थानीयले प्राप्त गर्ने सेवा सुविधाका लागि प्रभावकारी भुमिका खेल्ने ।
- सञ्चारको पहुचलाइ द्रुत बनाउने र हरेक नागरिकले सहज सेवा पाउने गरी पहल गर्ने ।
- जेन्जीहरुको महत्वपूर्ण राय सुझाबहरुलाई पूर्ण रुपमा समर्थन गरी आवाश्यक कार्यान्वयनमा जाने ।

यो प्रतिज्ञा-पत्र डोल्पा जिल्लाको समग्र विकास, सुशासन, सामाजिक न्याय र गुणस्तरीय जीवनस्तर उन्नतिका लागि तयार गरिएको हो ।

नेकपा एमालेका प्रभावशाली युवा उम्मेदार क. लंक बहादुर रोकाय, यी सबै लक्ष्यहरूलाई सहि मार्गदर्शन गरी प्रभावकारी योजना सहित जनताको इच्छा र चाहना बमोजिम पुरा गर्न सक्षम र प्रतिबद्ध छन् ।

**नेकपा (एमाले) डोल्पा**

Email– cpnumldolpa52@gmail.com Ph.No. 9851103294, 9858390552